# पाठ ११: कथासँग खेलौं

## पाठको अन्त्यसम्ममा विद्यार्थीहरुले यी कुरा गर्न सक्ने छन्

- ✓ कथाका तत्वहरूलाई चिनेर तिनीबारे विचार गर्न
- ✓ कथालाई पुनः कल्पना गरेर यसबाट अन्य कथाहरू सिर्जना गर्न
- ✓ स्क्र्याच प्रयोग गरेर कथालाई सृजनात्मक ढंगले दर्शाउने तरिकाहरू सोच्न

## कक्षा भन्दा अघि गर्नु पर्ने तयारी

- ✓ यस पाठलाई सञ्चालन गर्नका लागि पुस्तकालय जस्तो फराकिलो कोठाको व्यवस्था गर्नुहोस्। विद्यार्थीहरूलाई लेख्न र कोर्नका लागि खाली डेस्कहरूको आवश्यकता हुनेछ। यस पाठमा उनीहरूलाई कम्प्युटरहरूको आवश्यकता पर्ने छैन।
- ✓ ५ देखि १० मिनेटभित्र पढ्न सकिने एउटा छोटो बालकथा चयन गर्नुहोस्। विद्यालय पुस्तकालयबाट त्यस किताबका धेरै प्रतिहरू लिनुहोस्। तपाईंले Let's Read को वेबसाइटमा विविध भाषाहरूमा बालबालिकाका लागि थुप्रै सुन्दर कथाहरू निःशुल्क पढ्न सक्नुहुन्छ।
- ✓ लेख्नका लागी सेतोपाटी र मार्कर तयार राख्नुहोस्।

सृजनालय SRIJANALAYA
SCRATCH FOUNDATION
Karkhana Samuha

## 1. कथामा डुबौँ (३० मिनेट)

सबै विद्यार्थीहरूले तपाईंलाई देख्न र सुन्न सक्ने र पुस्तकमा भएका चित्र देख्न सक्ने स्थानमा हुनुहुन्छ भनेर सुनिश्चित गर्नुहोस्। आफूलाई सजिलो हुने गरी बस्नुहोस् अथवा उभिनुहोस।

### अनुमान लगाऔँ (५ मिनेट)

पुस्तकको आवरण र शीर्षकबाट सुरु गर्नुहोस्। विद्यार्थीहरूलाई सोच्न सहयोग गर्न यी प्रश्नहरू सोध्नुहोस्।

- ✓ तिमीले के देख्यौ? कथाका मुख्य पात्रहरू को हुन् होला ?
- ✓ कथा कहाँ, कस्तो ठाउँमा भएको छ? कथामा के हुन्छ होला?

### कथा पढौँ (१५ मिनेट)

केही विद्यार्थीहरूले कथाका बारेमा आफ्ना अनुमान साझा गरेपछि सबैलाई भन्नुहोस् कि तपाईंले कथा पढेर सुनाउँदा उनीहरूले शान्त भएर सुन्नुपर्छ। कथा पढ्दै गर्दा उनीहरूलाई प्रश्न गर्नु छ भने उनीहरूले आफ्नो हात उठाउन सक्छन्। कथा पढ्दा चित्रहरू पनि देखाउँदै जानुहोस् ताकि सबै विद्यार्थीलाई चित्रहरू राम्रोसँग हेर्ने मौका मिलोस्।

### छोटो छलफल (१० मिनेट)

कथावाचनको अन्त्यमा विद्यार्थीहरूलाई केही प्रश्नहरू सोध्नुहोस्। यो विद्यार्थीहरुलाई नयाँ लागेका कुरा स्पष्ट पार्न वा कथाका कुनै विशेष भागहरूमा जोड दिनको लागि राम्रो समय हो। विद्यार्थीहरूले कथाका पात्र, ठाउँ, कथानक आदि बारे कति बुझे भनेर जान्न यस प्रकारका प्रश्नहरू सोध्न सक्नुहुन्छ:

- ✓ कथा तिमीले शुरुमा सोचे जस्तै भयो कि फरक निस्क्यो?
- ✓ कथामा के भयो? कथाको तिमीलाई मनपर्ने भाग कुन थियो र किन?
- ✓ तिमीलाई कुन पात्रहरु परिचित जस्तो लागे?

कहिलेकाहीँ कथाका विशेष सन्दर्भहरू सबैले बुझ्न आवश्यक हुन्छ। यो निर्णय गर्नका लागि कथा पहिल्यै पढ्नुहोस् र तपाईंका विद्यार्थीहरूलाई कुन विशेष स्पष्टिकरणहरू आवश्यक पर्छ भनेर सोच्नुहोस्।

*यो क्रियाकलाप सृजनालयलद्वारा कारखाना समूह र सृजनालय बिचको सहकार्यमा CoDES शीर्षकको परियोजनाका लागी डिजाइन गरिएको हो। यस पाठ्य योजनाका उक्त क्रियाकालापको प्रतिलिपि अधिकार सिर्जनालयसँग छ।*

## 2. कथालाई बुझौं (३० मिनेट)

कथा पढेर सुनाइ सकेपछि विद्यार्थीहरूलाई कथावाचन प्रक्रियाको गहिराइसम्म लैजाने र कथालाई पुनः हेर्न मद्दत गर्ने गतिविधिहरूमा संलग्न गराउनुहोस्। यसले पछि गएर उनीहरूलाई आफ्नै कथाहरू बनाउन मद्दत गर्नेछ।

विद्यार्थीहरूलाई उनीहरुले कथाका ठाउँ र समय, पात्र, र कथाको सुरु, बीच र अन्त्यका बारेमा सम्झेका कुरा चित्र कोरेर वा लेखेर व्यक्त गर्नका लागी स्टोरी म्यापिङ वर्कशीट (यस पाठ्य योजनाको अन्त्यमा दिइएको) प्रयोग गर्नुहोस्।

विद्यार्थीहरूलाई साइन पेन वा कुनै अन्य चित्र बनाउने माध्यम र वर्कशीट प्रदान गर्नुहोस्। कथाको प्रत्येक अंगका बारेमा छलफल गर्दै विद्यार्थीहरूलाई प्रत्येकको बारेमा लेख्न वा चित्र बनाउन पाँच मिनेट दिँदा राम्रो हुन्छ। उनीहरूलाई सम्झाउन आवश्यक छ कि उनीहरुले हरेक अंगलाई फरक तरिकाले दर्शाउन सक्छन्।

नोट: विद्यार्थीहरूले यस वर्कशीटलाई आफ्नै कथाहरूको बारे सोच्न र विचारहरु लेख्न वा चित्र कोर्न प्रयोग गर्न सक्छन्। यसले गर्दा लेख्नुअघि उनीहरूलाई आइडियाहरू जुटाउन सहयोग हुन्छ। यदि तपाईं वर्कशीट प्रिन्ट गर्न असमर्थ हुनुहुन्छ भने विद्यार्थीहरूलाई एउटा खाली कागजमा वर्कशीटमा दिए झैं ५ वटा चतुर्भुज बनाउन भन्नुहोस्।

## 3. कथालाई पुन: कल्पना गरौँ (३० मिनेट)

यस खण्डले बालबालिकालाई आफ्नो कल्पनालाई खुला छोड्न र नयाँ कथाहरू बनाउने प्रयास गर्नका लागी एउटा सुरक्षित वातावरण प्रदान गर्दछ। किताबमा रहेको कथा भन्दा भिन्न कथा कल्पना गर्न वर्कशीटको प्रयोग गर्नुहोस्। उनीहरुलाई तलका कुनै एक विषयमा काम गर्न भन्नुहोस्:

- ✓ विद्यार्थीहरूलाई कथाको कुनै एक घटना चयन गरेर त्यहाँबाट कथालाई आफूलाई मन लागे अनुसार अघि बढाउन र पुरा गर्न भन्नुहोस्। यसले उनीहरूलाई कथाको अन्त्य परिवर्तन गर्न सघाउँछ।
- ✓ कुनै एक पात्रलाई चयन गर्नुहोस् र उनका बारेमा छुट्टै कथा बनाउन भन्नुहोस्। कथामा रहेको कुनै विशेष चित्र हेरेर त्यसको आधारमा यो नयाँ कथा लेख्ने प्रयास गर्नु उपयोगी हुन्छ - पात्र त्यो घटनासम्म कसरी आइपुगे र त्यस पछि के हुन्छ।
- ✓ कथा शुरु हुनु अगाडी कस्तो थियो होला? यस बारे कथा लेख्न भन्नुहोस्।
- ✓ किताबमा कथा सकिएपछि पनि के कस्ट घटना घटे होला? यस बारे पनि कथा लेख्न सकिन्छ।

यस वर्कशीटको प्रयोग गरेर विद्यार्थीहरुले आफ्नो कथा लेख्न सक्छन् र साथीहरूसँग साझा गर्न सक्छन्।

नोट: उनीहरूको वर्कशीटहरू सङ्कलन गर्नुहोस् र आगामी कक्षाहरूमा सन्दर्भको लागि सुरक्षित राख्नुहोस्।

सृजनालय SRIJANALAYA
SCRATCH FOUNDATION
Karkhana Samuha

# कथा चित्रण गर्ने वर्कशीट

सृजनालय SRIJANALAYA

तिमीले भर्खरै सुनेको कथाका आधारमा तलका खाली ठाउँहरुमा चित्रहरू बनाउ वा लेख्न।

| **कथाको स्थान र समय**: कथा कहाँ र कहिले, कस्तो समयमा भएको हुन्छ? | **पात्रहरू**: कथामा भएका पात्रहरू को-को हुन्? |
|---|---|
| | |

| **सुरु** | **बिच** | **अन्त्य** |
|---|---|---|
| | | |

SCRATCH FOUNDATION

Karkhana Samuha

## आगामी कक्षाहरू

यस पाठक्रमका आगामी कक्षाहरूमा विद्यार्थीहरूले आजको पाठमा सिर्जना गरेका आइडिया र लेखेका वा चित्रण गरेका कथाका आधारमा आफ्ना प्रोजेक्टहरु बनाउनेछन्।

- ✓ अरु कतिवटा कक्षा संचालन गर्ने भन्ने कुरा विद्यार्थीहरूललाई कति समय चाहिन्छ र तपाईं वा विद्यालयले कति समय प्रदान गर्न सक्नुहुन्छ, त्यसमा निर्भर गर्छ।
- ✓ यी कक्षाहरूका लागी कुनै विशेष संरचना वा गाइड छैन। कक्षाहरूको अवधिभर विद्यार्थीहरू आफ्ना प्रोजेक्टमै काम गर्नेछन्।
- ✓ सहायता आवश्यक भएमा उनीहरुले विद्यार्थी गाइडका पाठहरू हेरेर सहयोग लिन सक्छन्।